# आ.व. २०७४/०७५ को

# नीति, बजेट तथा कार्यक्रम

## कावासोती नगरपालिका

२०७४

# कावासोती नगरपालिकाको नगर सभामा प्रस्तुत नीति कार्यक्रम

नगरसभाका अध्यक्षज्यू

उपस्थित सदस्यहरु

झण्डै २० बर्षपछि भएको निर्वाचन पश्चात गठन भएको कावासोती नगर सभामा आ. व २०७४/०७५ को बार्षिक नीति, बजेट तथा कार्यक्रम प्रस्तुत सभामा यहाँ उपस्थित सम्पूर्ण नगर सभा सदस्यहरुलाई हार्दिक स्वागत गर्न चाहन्छु ।

सर्व प्रथम ऐतिहासिक प्रजातान्त्रिक आन्दोलन , लोकतान्त्रिक गणतन्त्रको स्थापनाको क्रममा सहादत प्राप्त गर्नुहुने ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

नेपालीहरुको बलिदानीपूर्ण सघंर्ष र ६ दशक लामो संविधान स्थानीय निकायको निर्वाचन नहुँदा कर्मचारीबाट कार्यालय सम्पादन गर्दा आइपरेका समस्याहरु पनि अव समाप्त भइसकेका छन् । लामो समय पश्चात स्थानीय तहको नयाँ संरचना तयार भई निर्वाचित जनप्रतिनिधिहरु समेत बहाल भई सकेको र निर्वाचित पदाधिकारीबाट यो पहिलो कावासोती नगर सभामा आर्थिक बर्ष २०७४/०७५ को नीति, बजेट र कार्यक्रम तय गरी प्रस्तुत गरेको छु ।

यो नीति, बजेट तथा कार्यक्रमलाई कावासोती नगरपालिकाको तर्फबाट स्थानीय श्रोत र साधनको उच्चतम प्रयोग गर्दै नगरको चौतर्फी विकासका लागि नेपाल सरकारबाट प्राप्त निर्देशन कार्यबिधि तथा नियमहरु, राजश्व परामर्श समिति, बिभिन्न बिषयगत समितिहरु, बजेट तथा कार्यक्रम तर्जुमा समिति र बजेट निर्माणसंग आबश्यक पर्ने बिभिन्न चरणहरु पार गर्दै संम्वन्धित बिज्ञहरुको राय सल्लाह र सुझाव तथा नगर कार्यपालिका सदस्यहरुको समन्वयमा यो आ.व. २०७४/०७५ का लागि तय गरिएको नीति, बजेट तथा कार्यक्रम यस प्रथम नगर सभामा प्रस्तुत गर्न पाउँदा हर्षित भएकोछु ।

भरखरै मात्र गठन भएको कावासोती नगरपालिकाको पूर्वाधार विकास भइ नसकेको, कर्मचारीहरुको कमी, ऐन नियम र निर्देशिकाहरु तयार भइ नसकेको र भौतिक पूर्वाधारहरु र प्रशासनिक भवनको कमीका बीचमा कावासोती नगरपालिकालाई अगाडि बढाउदै लानुपर्ने चुनौतीहरु हामी माझ छ । नगरबासीहरुमा पनि हामी गाउँबासीबाट नगरबासी भएका छौं भन्ने पूर्ण अनूभूति भइनसकेको र नगरपालिकाको स्थानीय तहको निर्वाचन भई जनप्रतिनिधिहरुको बहाली हुनासाथ नगरबासीहरुको आकांक्षामा भएको बढोत्तरीलाई एकैपटक सम्बोधन गर्न बिद्यमान स्रोत साधनको सिमितताको कारणले नगरपालिकाको आफ्नो स्रोत साधन र क्षमताले भ्याए सम्मका नीति, बजेट तथा कार्यक्रमहरु यस बजेटमा समावेश गरिएकोछ ।

# यस बर्ष २०७४/०७५ को लागि लिइएका नीति तथा कार्यक्रम

## क. आन्तरिक स्रोत परिचालन

१. एकीकृत सम्पत्तिको करको दर र मुल्यांकनलाई परिमार्जन गरी लागू गरिनेछ ।

२. प्रत्येक होटल व्यवसामा आउने ग्राहकबाटै ५ प्रतिशत रकम विलमा नै जोडी पर्यटन विकास शुल्क लिइनेछ ।

३. फिल्महलबाट प्रति ब्यक्ति रु २ रुपैया टिकट मै जोडी मनोरञ्जन कर असुली गरिनेछ ।

४. केबलु नेटवर्क सञ्चालन गर्ने संस्थाहरुबाट बार्षिक प्रति ग्राहक रु ५०० रुपैया असुल उपर गरिनेछ ।

५. हाट बजार, मेला पर्व, जात्रा आदिको ठेक्का बन्दोबस्त गरी कर असुल गरिनेछ ।

६. व्यवसाय कर परिमार्जन गरी वडा कार्यालय बाटै उठाउने व्यवस्था मिलाइनेछ।

७. कर तथा शुल्कहरु उठाउन वडा कार्यालयहरुलाई सक्रिय बनाईनेछ । कर तथा शुल्क उठे वापतको अनुपातमा वडामा थप बजेट विनियोजित गरिनेछ ।

८. जनताको सहजताको लागि कार्यालय परिसरभित्रै बैकिङ्ग सेवा सञ्चालन गरिनेछ ।

## क. आर्थिक विकास

सुखी नगरबासी : समृद्ध नगरको लक्ष्य

१. वैज्ञानिक भूमी सुधार तथा भू-उपोग नीतिका आधारमा भूमीको बर्गीकरण गरिनेछ। कृषीयोग्य जमीन, चक्लाबन्दी गरी सुपरजोन, ब्लक र पकेट क्षेत्र स्तरका आधुनिक फर्महरुको विकास गरिनेछ। पशुपालन माछापालन, दुध र आधारभूत खाद्यान्नमा पाँच आत्मनिर्भर बनाउदैजाने नीति लिइनेछ ।

२. घर बिहिन सुकुम्बासी माझी मुहसर लगायतका विपन्न समुदायको आवास (घर) क्रमशः निर्माण गरिनेछ। यसका लागि नगर विपन्न आवास कार्यक्रम सञ्चालन गरिनेछ ।

३. स्वाधिन अर्थतन्त्र निर्माण गर्न नगरको आधारभूत दायित्व नगरकै कर प्रणालीबाट सुनिश्चित गरिनेछ । विकासको मार्गचित्र, आर्थिक नीति निर्माण, साधन स्रोत परिचालन र त्यसको प्रतिफलको आधारमा नगरबासीको स्वामित्व सुनिश्चित गरिनेछ। नगरबासीमा कर तिर्ने बानीको विकास गरिनेछ । कर नतिर्नेलाई नगरले प्रदान गर्ने सेवा र सुबिधा कटौती गर्दै जाने नीति अबलम्बन गरिनेछ। **करमा अधिक योगदान : नागरिकको उच्च सम्मान** भन्ने नीति लागू गरिनेछ।

## ख.पूर्वाधार विकास तर्फ

**नगर समृद्धको नयाँ चरण : ब्यापक औद्यागिकिकरण**

१. पर्यटन प्रबर्धनको लागि पार्कहरु निर्माण गरिनेछ ।

२. नारायणी तटिय क्षेत्रका जनतालाई वन्यजन्तुबाट बचाउन वाल (पर्खाल) लगाउने कामको सुरुवात गरिने छ ।

३. आबश्यक संख्यामा स्वास्थ्यकर बधशाला निर्माण एवमे सञ्चालनको नीति लिइनेछ । अब्यवस्थित बजारको ठाउँमा शहरका केन्द्र , वडा तथा टोल बजार क्षेत्रमा आधुनिक बिक्री केन्द्र निर्माण गरी एकीकृत सेवा दिने ब्यवस्था गरिनेछ । सहकारीको प्रवर्द्धनबाट बस्तु तथा सेवाको उत्पादन, वितरण र बजारीकरण ब्यवस्थित गरिनेछ ।

४. १७ वटै वडाका मुख्य सडकहरु ग्रावेल र कालोपत्रे गरी भित्री मुख्य सडकहरुलाई ब्यवस्थित गरिनेछन् । यस्ता रोडहरुमा आँप लिची कटर , अम्बा, कागती र बाह्रैमासे फुलका विरुवा रोप्ने जसको जिम्मा टोल सुधार समितिलाई दिइनेछ ।

५. राष्ट्रिय स्तरको रंगशाला एव्मे सुविधा सम्पन्न सभागृह निर्माण गरिनेछ ।

६. बर्षौ देखि कटानको समस्या थोपर्दै आएको केरुङ्गे खोलाको तटबन्धन गरिने छ । भने नारायणी नदी किनारको तटबन्धका लागि संघीय सरकार संग पहल गरिनेछ ।

७. नगरको उपयुक्त ठाँउमा आधुनिक बस पार्क निर्माण कार्यलाई यसै बर्षबाट आगाडि बढाईनेछ ।

८. डण्डा चोकदेखि थारु होमस्टे सम्मको बाटो कम्तिमा १५ मिटर चौडाई सहित (Green belt develop) ब्यवस्थित गरिनेछ ।

९. वडाको विकासका लागि न्युनतम रु एक /एक करोडको हिसावले बजेट विनियोजित गरिएकोछ । जसमा ६०/ ४० र ८०/२० का योजनाहरु रहेका छन् ।

१०. सबै नगरबासीलाई स्वस्थ्य खानेपानीको ब्यवस्था गर्न नगरले पाँच बर्ष भित्रमा घर–घरमा स्वच्छ पिउने पानी पुर्‍याइनेछ । त्यसका लागि नगर भित्रका खानेपानीका आयोजनाहरुलाई तीब्र रुपमा अगाडि बढाइनेछ ।

११. नगरको कतिपय ठाउँमा अहिले पनि बिजुली बत्ति पुग्न नसकेको र बिजुलीको पोल पुगेका ठाउँमा समेत बत्ति ननभएको अबस्था रहेकाले त्यस्ता ठाउँहरुमा बिजुली बत्ति पुऱ्याउन उज्यालो कावासोती कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि बिद्युत प्राधिकरण लगायतकाहरुसंग सहकार्य गरी अगाडि बढ्ने नीति लिइने छ ।

१२. निर्यात मुलक र मुख्य उद्योगहरु नगर औद्योगिक क्षेत्र तोकी स्थापना गरिनेछ । अन्तर्राष्ट्रिय लगानीकर्ताहरुलाई आकर्षित गर्न उद्योग स्थापना भएको चार बर्ष भित्र बिद्युत, पानी र करमा बिषेश छुट दिइनेछ । यसका लागि प्रदेश र संघीय सरकार संघ समन्वय गरिनेछ ।

१३. स्वास्थ्यकर्मी, शिक्षक, कर्मचारीहरुले प्रयोग गर्ने कपडा, जुत्ता, लगायतको उत्पादनमा प्रदेश सरकारको समन्वयमा उद्योगहरु स्थापना गर्न बिशेष सहुलियताका साथ प्रोत्साहन गरिनेछ ।

१४. नगर यायायात गुरु योजना (MTMP) लाई पुनरावलोकन गरी वडा नं. १७ लाई समेत समावेश गरिनेछ । जसका आधारमा रिङ्गरोडको ब्यवस्था गरी नगरमा नगरबस सञ्चालन गरिनेछ ।

१५. ठुला पूर्वाधारका योजनाहरु सञ्चालन गर्न उपभोक्ता समितिहरुसंग ज्ञान, सीप र क्षमताको कमी रहने हुदा कामको गुणस्तरमा कमी हुने भएकाले त्यस्ता ठूला योजनाहरुका लागि ठेक्का प्रकृया सञ्चालन गरिनेछ ।

१६. पुराना चलनचल्तीमा रहेका तर लगत कट्टा नभएका बाटोहरुलाई यथास्थितिमा बाटो लगत कट्टा स्वीकृत दिईनेछ ।

१७. प्लटिङ्ग प्रयोजनका लागि कम्तीमा आठ मिटर बाटो ढल, बिजुली र पानीको ब्यवस्था र पाँच प्रतिशत खुल्ला क्षेत्र समेत ब्यवस्था भएमा मात्र प्राबिधिक समितिको निर्णयले प्लटिङ्ग स्वीकृत दिईनेछ ।

१८. वडा विकास बजेटबाट कम्तीमा पाँच लाख भन्दा माथिका योजनाहरु मात्र छनौट गर्ने र कम्तीमा २० प्रतिशत लागत सहभागीता छुटाउन पर्ने ब्यवस्था गरिनेछ ।

# ग. वातावरण तथा विपद ब्यवस्थापन

**नगरको पर्यटन : नगरको समृद्धि र पहिचानको साधन**

१. फोहोर ब्यवस्थाका लागि आधुनिक (waste management and recycle center) स्थापना गरिनेछ । त्यसका लागि जग्गाको ब्यवस्थपन र डिपिआर निर्माण गरी कामलाई आगाडि बढाइनेछ । स्थायी फोहोर ब्यवस्थापन नहुँदा सम्म अस्थायी रुपमा फोहोर ब्यवस्थापन गरिनेछ ।

२. कावासोती नगरपालिकालाई वातावरण मैत्री नगर बनाउन टोल, बस्ती तथा वडाहरुलाई वातावरण मैत्री टोल तथा वडा घोषणा गर्दै लगिनेछ ।

३. जैविक बिबिधता र साँस्कृतिक बिबिधता एवम् प्राकृतिक सौदर्न्यताको अध्ययन अवलोकनका लागि आकर्षक नगरको रुपमा कावासोतीलाई परिचित गराउदै पर्यटन उद्योगको प्रबर्द्धन गरिनेछ

। पर्यटकहरुको संख्या ब्यापक रुपमा बढाउन पर्यटकीय गन्तब्य स्थलहरु खोजी, विकास एवम् सम्बर्द्धन गरिनेछ । त्यस्ता गन्तब्यहरुमा होमस्टे सञ्चालन गर्न स्थानीयलाई प्रेरित गरिनेछ ।

४. जैविक बिबिधताले महत्वपूर्ण चितवन राष्ट्रिय निकाञ्ज र यस वरपरका मानव बीच अझ प्रगाढ सम्बन्ध स्थापनाका लागि मानव वन्यजन्तु द्धन्द्ध नियन्त्रण कार्यक्रम सञ्चालन गरिनेछ ।

५. महत्वपूर्ण धार्मिक र सांस्कृतिक स्थल महाराजा (पोखरी ताल), तरुवा ताल, अमलटारीको पूर्वाधार विकास गरी धार्मिक र सांस्कृतिक पर्यटनको विकास गरिनेछ ।

६. शिब सामुदायिक वनमा चिल्ड्रेन पार्क, पर्यावरण संरक्षणका कार्यक्रमहरु वडा नं १०, ११, १२, १३, १५ र १७ वडाहरुमा केन्द्रित गरी सञ्चालन गरिनेछ ।

## घ. सुशासन संस्थागत विकास

१. सुशासनका लागि नगरपालिकाको आफ्नै सुबिधा सम्पन्न भवन निर्माण गरिनेछ । १७ वटै बडाहरुमा वडा कार्यालयहरु निर्माण गरी सफ्वेयर समेत जडान गरिनेछ ।

२. जिल्ला समन्वय समिति बनेका बखत जिल्ला स्तरमा रहने कार्यालयहरुको ब्यवस्थापनका लागि जग्गाको ब्यवस्थापन गरिनेछ ।

३. कार्यालयको कामलाई छिटो, छरितो र ब्यबस्थित गर्न कर्मचारीको दरबन्दीलाई समायोजन गरी पदपुर्ती तर्फ आबश्यक पहल गरिनेछ ।

४. कर्मचारीहरुले खाइपाइ आएको प्रोत्साहन भत्ता यथावत कायम गरिएको छ ।

५. पत्रकारको क्षमता अभिवृद्धि, मानव अधिकारको सुनिश्चितताका लागि विशेष कार्यक्रम तर्जुमा गरी लागू गरिनेछ ।

## ङ.सामाजिक विकास

**स्वास्थ्य बिमा निशुल्क उपचार : स्वस्थ्य नागरिक जिम्मेवार नगर सरकार**

१. सबै नागरिकलाई स्वास्थ्य विमामा आबद्ध गरिनेछ । गरिबीको रेखामुनी रहेका जनतालाई बिमा रकमको ५० प्रतिशत रकम नगरबाट भुक्तानी गरिनेछ । स्थानीय तहमा रहेका अस्पतालबाट नागरिकले तोकिएका रोगहरुको निशुल्क उपचार प्राप्त गर्नेछन् ।

२. साविकका गाविसमा भएका स्वास्थ्य चौकीलाई सुबिधा सम्पन्न गराईनेछ । प्रत्येक वडामा आबश्यक दक्ष जनशक्ति, औषधि, उपकरण , प्रबिधि र स्वास्थ्यकर्मी , सुरक्षित मातृत्व ,बाल तथा शिशु स्वास्थ्य सेवाहरु सञ्चालन गरिनेछ ।

३. नगरमा रहेका अस्पतालमा एलोपेथिक, आयुर्वेदिक, होमियोपेथिक, युनानी, अकुपञ्चर, आम्ची, प्राकृतिक र परम्परागत स्वास्थ्य सेवा लगाएत बैकल्पिक उपचार पद्धतिलाई एकीकृत समन्वयत्यामक रुपमा सेवामा ल्याईने छ ।

४. मातृ मृत्यूको प्रमुख कारण रहेको बालबाविवाह अन्त्य गरिनेछ । गर्भवती तथा सुत्केरीलाई पोषण सहित आबश्यक सम्पूर्ण सेवा निशुल्क र सहज ढङ्गले उपलब्ध गराउन **आमा स्वस्थ्य कार्यक्रम** सञ्चालनमा ल्याइनेछ । प्रसुती सेवाको अभावमा आमाको ज्यान जान सक्ने अबस्थाको अन्त्य गरी प्रत्येक वडामा दक्ष स्वास्थ्यकर्मी सहितको प्रसुती केन्द्र (Birthing center) को पनि स्थापना गरिनेछ ।

५. नगरपालिकामा पाँच बर्ष भित्रमा सर्पदंशको उपचार सहितको ५० शैयाको सुबिधा सम्पन्न अस्पताल सञ्चालनमा ल्याइनेछ ।

६. बिद्यालयभित्र र बाहिर प्राथमिक उपचार तथा किशोर किशोरीहरुको यौन तथा प्रजनन स्वास्थ्य, लागूऔषध न्युनीकरण सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ । बिद्यार्थीहरुलाई आबश्यक मनोविर्मश प्रदान गरी गुणस्तरीय शिक्षा उपलब्ध गराइनेछ ।

७. स्वास्थ्य चेतना अभिबृद्धि गर्ने तथा जीवन शैलीमा सकारात्मक परिवर्तन गराउने कार्यक्रमहरु सञ्चालन गरिनेछ । ब्यायाम, योग र मनोरञ्जनलाई जीवन शैलीको अंग बनाउन सावर्जनिक रुपमा ब्यायाम र मनोरञ्जन केन्द्र सञ्चालन गरिनेछ ।

८. स्वास्थ्य स्वयम् सेविकालाई मासिक रुपमा प्रदान गर्दै आएको शुल्क रु चार सयबाट बृद्धि गरी रु एक हजार पुर्‍याइनेछ ।

९. प्रदेश स्तरमा निर्माण हुने मेडिकल कलेज कावासोतीमा निर्माणका लागि प्रदेश सरकार संग समन्वय गरिनेछ र त्यसका लागि जग्गा उलपब्ध गराइनेछ ।

## नगरमा सहकारी : घरघरमा रोजगारी

१०. मुलुकले ब्यवस्था गरेको तीन खम्बे अर्थनीति अनुरुप सहकारी क्षेत्रलाई आर्थिक समृद्धि, जनताको आयमा बृद्धि , कृषिको ब्यावसायिकरण र रोजगारी अभिबृद्धिको माध्यमका रुपमा अगाडि बढाइनेछ । यसका लागि युवा स्वावलम्बन कार्यक्रम सञ्चालन गरिने छ ।

११. नगरका सबै टोलहरुमा रहेका बेरोजगार ब्यक्तिहरुलाई उत्पादक सहकारीमा आबद्ध गरी स्वरोजगारमुलक ब्यवसाय सञ्चालन गर्न प्रेरित गरिनेछ ।

१२. सहकारीहरुले सञ्चालन गर्ने ब्यवसायहरुका लागि मापदण्डका आधारमा अनुदान दिइनेछ । उत्पादक सहकारीले स्वावलम्बन कार्यक्रम अन्तरगत कृषि, पशुपालन घरेलु तथा कुटीर उद्योग, रोजगारी र सीप अभिबृद्धिका कार्यक्रमहरु बित्तिय ब्यवस्थापन गरी सञ्चालन गरिनेछ ।

१३. नगरबासीहरुलाई उत्पादक सहकारीहरुमा संलग्न हुन र नगरको आर्थिक विकासमा योगदान गर्न प्रोत्साहन गरिनेछ ।

१४. बैदेशिक रोजगारबाट फर्केका युवाहरुलाई उनीहरुको सीप र क्षमताका आधारमा सञ्चालन गर्ने व्यवसायका साथै बेरोजगार युवाहरुलाई सामुहिक अनुदानको व्यवस्था गरिनेछ । यसरी हरेक बर्ष पाँच सय युवाहरुलाई स्वरोजगार बनाइनेछ ।

१५. दुई बर्षभित्रमा कावासोती नगरपालिकालाई बालमैत्री नगरको रुपमा स्थापित  गर्न बालमैत्री स्थानीय शासन कार्यक्रम (CFlG) सञ्चालनमा ल्याइनेछ  । यसका लागि बाल अधिरकारको क्षेत्रमा काम गर्ने संघ संस्था संग सहकार्य गर्ने नीति अबलम्बन  गरिनेछ  ।

१६. ज्येष्ठ नागरिकको सुबिधाका लागि दिवा सेवा केन्द्र सञ्चालनमा ल्याइनेछ  । यसका लागि पूर्वाधार निर्माणका कार्यक्रमहरु सञ्चालन गरिनेछ  ।

१७. सबै भाषा, धर्म  र समुदायको पहिचानका लागि स्थानीय तहमा भाषा, धर्म र संस्कृतिको संरक्षणका लागि संग्रहालय स्थापनाको नीति लिइनेछ  ।

१८. बिद्यालयको भौतिक पूर्वाधारका साथै बिद्यालय सुधारका कार्यक्रमहरु सञ्चालन गरिनेछ  । नगर भित्रका बिद्यालयहरुमा प्राबिधिक शिक्षामा जोड दिइनेछ । त्यसका लागि  माध्यमिक शिक्षामा प्राबिधिक बिषयहरु छनौटको लागि प्रेरित गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

१९. गैर सरकारी संस्थाहरुलाई विकास साझेदारको रुपमा अंगीकार गर्दै उनीहरुको दक्षता र अनुभवका आधारमा परिचालन गरिनेछ , अनिवार्य रुपमा आफ्नो नीति तथा कार्यक्रम र बजेट नगरपालिकामा पेश गर्नुपर्ने व्यवस्था गरिनेछ । कार्यक्रम पेश नगर्ने गैरसरकारी संस्थालाई नगर क्षेत्रमा कार्यक्रम गर्न स्वीकृत प्रदान गरिने छैन ।

२०. नगरभित्र सञ्चालित क्याम्पस एवम् कलेजहरुलाई स्थानीय माग र आवश्यकता अनुसारका पाठ्यक्रम निर्माण गरी शैक्षिक कार्यक्रम लागू गर्न प्रोत्साहन गरिनेछ ।

२१. अन्तर्राष्ट्रिय क्षेत्रका नगरपालिकाहरुसँग भगिनी सम्बन्ध कायम गरी नगरको विकासका लागि अन्तर्राष्ट्रिय सहयोग प्राप्तीमा जोड दिइनेछ ।

२२.बौद्धिक पलायन र खोज अनुसन्धानमा  जोड दिने नीति लिइनेछ  ।

यस नगरपालिकाकाको आर्थि**क बर्ष  २०७४/०७५ का लागि एक अर्ब १० करोड ६४ लाख ५५** हजारको अनुमानित आय तथा ब्यय विवरणको सारांश प्रस्तुत गर्न चाहान्छु  ।

| आ. व. २०७४/०७५ को आय अनुमान | | आ.व २०७४/०७५ ब्यय अनुमान | |
|---|---|---|---|
| आन्तरीक आय | १०,६९,५५०००।– | चालु खर्च | ६,२९,८९,०००।– |

| | | | |
|---|---|---|---|
| वाह्य आय | ९९,९५,००,०००।– | पुँजीगत खर्च | ९२,३४,६६,०००।– |
| | | सामाजिक सुरक्षा भत्ता | १२,००,००,०००। – |
| जम्मा | १,१०,६४,५५,०००। – | | १,१०,६४,५५,०००। – |

अन्तमा, यस कावासोती नगरपालिकाको आ. व. २०७४/०७५ को प्रस्तुत नीति तथा कार्यक्रम सफल कार्यान्वयनको लागि सम्पूर्ण नगर सभाका सदस्यहरु, नगर कार्यपालिका सदस्यहरु, राजनैतिक दल, नागरिक समाज, बिभिन्न संघ संस्थाहरु, बुद्धिजीवीहरु, सम्पूर्ण सञ्चारकर्मी मित्रहरुको महत्वपूर्ण भूमिका रहने भएकाले सहयोग तथा समन्वयको अपेक्षा राख्दै पुनः नगर सभाका सदस्यहरु तथा उपस्थित सम्पूर्णमा हार्दिक धन्यवाद तथा कृतज्ञता ब्यक्त गर्दै यो नीति, बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न सबै पक्षबाट सहयोग हुनेछ भन्ने आशा गरेकोछु ।

धन्यवाद

प्रस्तुतकर्ता : प्रेमशंकर मर्दनीया थारु

उप-प्रमुख, कावासोती नगरपालिका